# हाम्रा मनमोहन 

● विष्णु रिमाल

त्यतिखेर संगठन बनिसकेकै थिएन भने मनमोहन, ट्रेड यूनियनका नेताको रुपमा चर्चित भइसकेका थिए । मोहन बावुको रुपमा उनलाई मजदुरहरुले प्रसिद्ध बनाएका थिए । त्यसैले, ००३ सालको आन्दोलनमा मनमोहन एउटा संस्थाको रुपमा कृयाशील व्यक्तित्व थिए ।

००६ सालमा मात्र कम्युनिष्ट पार्टी नेपालमा बन्यो । तर वी. पी. ले भनेका छन्, - "००३ सालमा उनी नै कम्युनिष्ट पार्टी हुन्, मनमोहनले कम्युनिष्ट पार्टीको तर्फबाट बोल्न चाहेका थिए, त्यसैले कम्युनिष्ट पार्टीलाई काँग्रेसको हाराहारी मै हिसाव किताव गर्नुपर्छ ।" जिफण्टको निर्माण हुनुअघि ट्रेड यूनियनको एकीकृत इतिहास छापिएन । छापिएको इतिहासमा पनि केवल गिरिजाप्रसादलाई मात्र हाइलाइट गर्ने गरी चर्चा-परिचर्चा गरियो । विभाजित कम्युनिष्ट आन्दोलनले मनमोहनको मजदुर आन्दोलन प्रतिको योगदानको कदर होइन तेजोवध गर्नुलाई नै क्रान्तिकारिता ठान्यो । कतिपय समूहहरु आ-आफ्नो तर्फबाट मजदुर फाटँमा खटाइएका नेतालाई नै महान मजदुर नेता बनाउने खेतीमा समेत लागे ।

कतिपयलाई लाग्न सक्छ, ००६ सालमा कम्युनिष्ट पार्टी वनेपछि उनी बढी कम्युनिष्ट नेता, कम ट्रेड यूनियनिष्ट बने । यसलाई आंशिक सत्य मात्र मान्न सकिन्छ । इतिहास साक्षी छ, मनमोहनको मजदुर आन्दोलन प्रतिको संलग्नता यो वा त्यो रुपमा निरन्तर रह्यो । उनको ट्रेड यूनियन लिगेसी कहिल्यै कायल भएन ।

सत्र सालको काण्ड पछि नेपालको ट्रेड यूनियन आन्दोलनको इतिहासमा झण्डै १९ वर्ष खाल्डो रहन गयो । ०३५/३६ को आन्दोलन पछि पंचायती मजदुर संगठनाई छोड्ने हो भने नेपाल स्वतन्त्र मजदुर यूनियन र सम्बद्ध पक्षहरुले मात्र यूनियन आन्दोलनलाई जारी राखे । नेपालको वाम राजनीतिमा परेको चिरा र त्यसले जन्माएको उछिना-पाछिन संस्कृतिले जे जस्तो हैसियत भएको भए पनि विभिन्न नामका यूनियनहरुको नाम बजारमा ल्यायो । यी कम्युनिष्ट घटकबाट ट्रेड यूनियन

आन्दोलनमा मनमोहनको भूमिकालाई ओझेलमा पार्ने काम गर्नु आश्चर्यको विषय थिएन । तर, स्वयं मनमोहनको नेतृत्वमा रहेको कम्युनिष्ट धाराले पनि उनको कालजयी इतिहासलाई छ्याङ्ग हुनेगरी प्रचार गर्न सकेन ।

व्यवहारबाटै सिक्दै थोरै संगिलएको वातावरणमा २०४४ सालदेखि जसोतसो यी यूनियनहरु वीच मे दिवस जस्ता कार्यक्रममा संयुक्त कार्यक्रम हुन थालेको थियो, ढुक्कै संयुक्त कार्यक्रममा सामेल भएको भने ०४७ सालको मे दिवसमा मात्र थियो । यस अर्थमा पंचायती निरंकुशता पछि नेपाली ट्रेड यूनियन आन्दोलनको पहिलो खुल्ला कार्यक्रम २०४७ सालको मे दिवस हो ।

त्यसदिन सवै वाम नेतालाई बोलाउने कार्यक्रम थियो । त्यसवेला जिफण्ट स्थापनाको एक वर्ष बित्दै थियो, त्यो आज जस्तो चर्चित बनिसकेको थिएन । जिफण्ट भित्रकै केही मानिसहरु यसको प्रसिद्धि फैलाउन चाहिरहेका थिएनन् । एकातिर प्रचारमुखी केही न केही कार्यक्रम पनि गर्नुपर्ने आवश्यकता थियो । अर्कातिर झुत्रे-झाम्रे, फोहरी र अज्ञानी भनेका मजदुर हुन् भन्ने सामाजिक भ्रमलाई हामीले चुनौती दिन चाहिरहेका थियौं ।

वहुदलको स्थापनासंगै मजदुर साथीहरुमा अपेक्षा र उत्साह दुवै थपिएको थियो । मे दिवस भव्यरुपमा मनाउन राम्रै सहयोग जुटेको थियो । मजदुर साथीहरु केही सृजनात्मक काम गरौं भन्दै थिए । त्यसैले हामी केही साथीहरुले मे दिवसका दिन सस्तो रातो टाई वनाउने र त्यसमा “जिफण्ट” छाप्ने योजना गऱ्यौं ।

हाम्रो यो सामान्य प्रस्ताव मजदुर साथीहरुलाई राम्रो लागे पनि केही नेता-कार्यकर्तालाई भने पचेन । मजदुरले टाई बाँध्ने ! यूनियन आन्दोलन बाहिरका केही “क्रान्तिकारीहरु” ले जिब्रो टोके । हामीले भन्यौं- “हारे हत्कडी जिते सारा संसार ! हाम्रो लडाइको सार यस्तै भनिएको छ । पाउँदा हामी जेट चढौंला, नहुँदा सुकुलमा सुत्दै उपियाँसंगै क्रन्तिकारी गफ चुटौंला !”

टाई बन्यो । मंचमा लगभग सबै वाम पार्टीका नेताहरुको उपस्थिति थियो । आयोजकले सवै अतिथि नेताहरुलाई टाई लगाई दिने कार्यक्रम थियो । टाईको उफ्रेर विरोध गर्ने मध्ये हामी तिरकै खाँटी मजदुर नेताहरु मनमोहनलाई टाई लगाइ दिन मंचमा उक्लिए । म र विनोद, बुढा मनमोहन चाहिं के गर्छन् भनी परबाट रमिता हेर्दै थियौं । मन्त्री भएका दुई जनाको त्यहाँ उपस्थिति थियो । दौरामाथि टाई लगाइदिंदा पनि उनीहरु खुशी नै देखिए । “मजदुरले गर्ने सृजनात्मक काम भनेको यो पनि हो !” मनमोहन पनि दंग, र उनको टिप्पणी सुनेर हामी पनि दंग ! त्यसपछिका

हरेक मे दिवसमा कतै न कतै, कुनै न कुनै रुपमा मनमोहन र ट्रेड यूनियन कार्यक्रमको साक्षात्कार भई नै रह्यो ।

०४८ सालमा जिफण्टको महाधिवेशनका चिफ गेष्ट मनमोहन थिए । पहिलो मात्रै होइन, मनमोहनको जीवन रहुन्जेल जिफण्ट महाधिवेशनको प्रमुख अतिथि कोही हुनै सक्दैनथ्यो । पहिलो राष्ट्रिय महाधिवेशनमा आएका एक भारतीय नेताले आफ्ना पुराना मित्र मनमोहनलाई भेट्न हिरिक्कै गरे । हामीले उनलाई विपक्षी नेताको क्वार्टरमा पुऱ्याई दियौं । त्यतिवेलासम्म मनमोहनलाई ट्रेड यूनियनको संस्थापक नेताको रुपमा स्वीकारे पनि हामी उनलाई "अलि दक्षिणपन्थी" भन्दै खासखुस गर्थ्यौं । ति भारतीयले मनमोहनसंग नेपालको यूनियन आन्दोलनको इतिहास सोधेछन् । मनमोहनले भनेछन्- जिफण्टवालों से पुछो.. मेरा इतिहास क्या है, यूनियन आन्दोलनका इतिहास क्या है....? मनमोहनको यो जवाफ थाहा पाए पछि उनीप्रति हामीले व्यक्त गरेको अभिव्यक्तिप्रति हामी आफैं लज्जित हुन पुग्यौं ।

त्यस समयसम्म जिफण्टले सीमित मात्र काम गर्न सकेको थियो । ०४८ सालमा गैर सरकारी विधेयकको रुपमा जिफण्ट अध्यक्षले श्रम सम्बन्धी विभिन्न विधेयकहरु संसदमा पेश गर्नु भयो । आफूलाई "गुणदोषको आधारमा प्रस्तुत गर्ने ल्याकत भएको व्यक्ति" भनि प्रचार गर्न रुचाउने दमननाथ ढुंगानाले अनाहकमा ती विधेयकहरु फेल खुवाई दिए । बहुदलीय व्यवस्थाको स्थापना पछिको संसदमा प्रस्तुत भएको यो नै पहिलो गैरसरकारी विधेयक थियो । र, यो घटनासंगै तत्कालिन श्रममन्त्री शेख इद्रिस र श्रम सचिव रविदेव शर्माको जागिर गयो । तर, कतिपय हाम्रा सांसदहरुले समेत यसको महत्व बुझेको जस्तो देखिएन । मनमोहन नै यस्ता नेता हुन् जसले पटक-पटक यसको महत्वको चर्चा गरे ।

मनमोहनको उपस्थितिमा मजदुर सम्बन्धी थुप्रै इभेण्ट भए । त्यसैले ०४७ साल देखि जिफण्टद्वारा निरन्तर प्रकाशित श्रमिक खवरमा मनमोहन नै समाचारका प्रमुख पात्र वने हाम्रो यूनियन आन्दोलनमा ।

०५१ सालमा एमालेको अल्पमतको सरकार बनेको थियो । त्यसै समयमा जिफण्टले अन्तर्राष्ट्रिय ट्रेड यूनियन सम्मेलनको आयोजना गर्दै थियो । हाम्रो नेतृत्व समूहलाई नौ महिने शासनमा यूनियनवालाहरुको इज्जत भए जस्तो लागेको थिएन । पछि, सरकारको जति डिफेण्ड गरियो शुरुमा त्यसो गर्न अलि उर्जा थिएन । त्यसैले अन्तर्राष्ट्रिय सम्मेलनमा श्रम मन्त्री र प्रधानमन्त्रीलाई नबोलाउने सल्लाह भयो ।

यसैको हाराहारीमा जिफण्टद्वारा थानकोटमा पिकनिकको आयोजना गरिएको थियो । मनमोहन पिकनिकमै आए र भने तिमीहरुको कार्यक्रमको म चिफ गेष्ट हुनेछु, मैले पिएलाई को-अर्डिनेट गर्न भनी दिइसकेको छु, ख्याल गर्नु ।

प्राइम मिनिष्टर मनमोहनले हाम्रो योजना विना नै अन्तर्राष्ट्रिय सम्मेलनका विदेशी पाहुनालाई ब्रेक फास्टमा बोलाए । प्रम कार्यालयबाट एउटा गाडी आयो र सवै पाहुनालाई बालुवाटार लिएर गयो । अनिच्छाका साथ हामी गयौं, नकारात्मक प्रभाव पर्ने भो- साथीहरुले ताल पुर्‍याउँदैनन् जस्तो मलाई पनि लागेको थियो ।

कस्तो लाग्यो विहानको कार्यक्रम? मेरो प्रश्नको "ओण्डरफुल" भन्दै उनीहरुले जवाफ दिए । म विस्मित थिएँ । त्यस्तो के उत्पात भयो र यो विहान ! उनीहरु भने दंगदास थिए- नेपालका प्रधानमन्त्री कति सिम्पल !

कमरेड मनमोहनको एउटा धोको सुनिन्थ्यो-मजदुरहरुको लागि केही गर्ने ! मैले मुकुन्दजीलाई पनि भनिदिएको छु-मजदुरको लागि हामी केही गरौं । जिफण्टमा एक दिन मौका छोपेर हामीले सोध्यौं-तपाई मजदुरका लागि वास्तवमा के चाहिं गर्न चाहनु हुन्छ? मनमोहनको जवाफ थियो-भोकेशनल ट्रेनिङ्ग ईन्स्टिच्युट खोल्ने र दक्षता विकासमा सहयोग गर्ने । मनमोहनको यो धोकोलाई उनको जीवनकालमा व्यवहारमा उतार्न भने सकिएन ।

मनमोहनको मृत्युभएकै साल हामीले आफ्नो भवन खरीद गर्‍यौं र पुनर्निर्माण पनि गर्‍यौं । हामीले यो भवनको नाम मनमोहन मजदुर भवन राख्यौं । यसको एउटा कारण थियो- भावि पिढीले बुझ्नुन्, नेपालको इतिहासमा स्वच्छ छवि भएको एउटा इमान्दार व्यक्ति थोरै समयको लागि प्रधानमन्त्री भएको थियो । त्यो मानिस ट्रेड यूनियनको संस्थापक नेता थियो । र, मृत्युवरण गर्ने समयसम्मै मजदुर-गरीब श्रमजीवी जनता र ट्रेड यूनियन आन्दोलन प्रति समर्पित रहिरह्यो ।

(२०५७ सालमा क. मनमोहनको प्रथम वार्षिकीको समयमा प्रकाशित)